# नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेडको संस्थापक समूहको शेयर शिलबन्दी बोलपत्रद्वारा बिक्री गर्नेबारे सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति : २०७४/१०/१८**
**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०७४/११/०३**

नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेडको केही संस्थापकहरुले आफ्नो नाममा रहेको संस्थापक समूहको जम्मा ७०,००,००० कित्ता शेयर नेपाल राष्ट्र बैंकको निर्देशनानुसारको प्रकृया पुरा गर्ने गरी प्रति कित्ता न्यूनतम मूल्य रु.२१०/- मा बिक्री गर्ने भएका हुंदा उक्त शेयरहरु खरीद गर्न योग्य इच्छुक जो कोही व्यक्ति, कम्पनी, संघ, संस्थाहरुले मिति २०७४ साल फाल्गुण ३ गते भित्र बिक्री प्रबन्धक श्री सि.वि.आई.एल. क्यापिटल लिमिटेड, बाटुलेघर, डिल्लीबजार, काठमाडौंमा आइपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ ।

**बोलपत्रद्वारा बिक्री गरिने शेयरको विवरणः संस्थापक शेयर : ७०,००,००० कित्ता**

*शर्तहरुः*

१. बोलपत्र आवेदन फाराम रु.१००/- भुक्तानी गरी बिक्री प्रबन्धक श्री सि.वि.आई.एल. क्यापिटल लिमिटेड, डिल्लीबजार, काठमाण्डौबाट प्राप्त गर्न सकिनेछ ।

२. बोलपत्र आवेदन फाराममा आफूले लिन चाहेको शेयर कित्ताको दर रेट अंक र अक्षरमा स्पष्टसग लेख्नु पर्नेछ । अंक र अक्षरले लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ । केरमेट भएको ठाउमा दस्तखत गर्नु पर्नेछ ।

३. शेयरको न्यूनतम मूल्य प्रति शेयर रु.२१०/- तोकिएको हुंदा सो वा सोभन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नु पर्नेछ ।

४. शेयर खरीदको लागि बोलकबोल गर्दा न्यूनतम १०० कित्ताको लागि आवेदन दिनु पर्नेछ भने अधिकतम शेयर संख्याको लागि कुनै हद लाग्ने छैन । तर शेयर खरीद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा नेपाल राष्ट्र बैंकले एउटा व्यक्ति वा संस्थाले खरीद गर्न वा राख्न पाउने भनी तोकेको अधिकतम सख्या सीमा भन्दा बढी नहुने गरी आवेदन पेश गर्नु पर्नेछ । दशमलवमा (खण्डित रुपमा) आउने गरि शेयर आवेदन गर्न पाइने छैन ।

५. शिलबन्दी खाम बाहिर "**नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेडको संस्थापक शेयर खरीद आवेदन**" उल्लेख भएको हुनु पर्नेछ । शिल्ड बोलपत्र लाहाछाप गरिएको हुनुपर्नेछ ।

६. बोलपत्रवालाले आफूले खरीद गर्न चाहेको शेयरको जम्मा मूल्यको ५% (पाँच प्रतिशत) ले हुने रकम सि.वि.आई.एल. क्यापिटल लिमिटेडको नाममा **सिटिजन्स् बैंक इन्टरनेसनल लि., डिल्लीबजार, काठमाडौंमा रहेको खाता नं. ०४८०००००४६CC** मा नगद जम्मा गरि सो को सक्कल भौचर संलग्न गरी वा "CBIL Capital Limited" को नाममा जारी गरिएको Good for Payment Cheque संलग्न गरी शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ । यदी चेक भुक्तानी नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ ।

७. शेयर खरीद गर्न ईच्छुक बोलपत्रदाताले नेपाल राष्ट्र बैंकबाट संस्थापक शेयरधनीको लागि तोकिएको Fit & Proper Test (अनुसुचि ३) को विवरण, कर्जा सूचना केन्द्र लिमिटेडको कालोसुचिमा समावेश नभएको प्रमाणित हुने कागजात, आयश्रोत खुल्ने कागजातको प्रतिलिपि, प्यान नं. को प्रमाणपत्रको प्रतिलिपि, पछिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्र वा कर दाखिला गरेको निस्साको प्रतिलिपि संलग्न गर्नुपर्नेछ । साथै, विद्यमान नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेडका संस्थापकहरुले आफ्नो आय श्रोतको विवरण वा स्वःघोषणा समेत पेश गर्नुपर्नेछ ।

८. सबैभन्दा बढी बोलकबोल गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ । यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढी कबोल गर्नेलाई बिक्री गरिनेछ । बोलकबोलमा शेयर बिक्री गर्दै जादा अन्तिम मूल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँट गरिनेछ । शेयर बाँडफाँट गर्दा सबैभन्दा बढी बोलकवोल गर्ने क्रमहरु मध्येको कम बोलकवोल गरि बाँडफाँटमा पर्ने आवेदकलाई खण्डित रुपमा बाँकी रहेको शेयर समेत बाँडफाँट गरि समायोजन गरिनेछ । बोलकबोल स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कम्पनीमा निहित रहनेछ ।

९. आवेदक बैंकका बर्तमान शेयरधनी भएमा आवेदनमा आफ्नो शेयरधनी नम्बर/हितग्राही खाता नं. अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

१०. बोलपत्रवालाले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन ।

११. शेयरको आवेदन मिति २०७४/११/०३ गते कार्यालय समयभित्र श्री सि.वि.आई.एल. क्यापिटल लिमिटेड, बाटुलेघर, डिल्लीबजार, काठमाण्डौमा दर्ता भई सक्नु पर्नेछ ।

१२. बोलपत्र मिति २०७४/११/०६ गते विहान १०:०० बजे सि.वि.आई.एल.क्यापिटल लिमिटेड, डिल्लीबजार, काठमाण्डौमा बोलपत्रवाला वा निजको प्रतिनिधिको उपस्थितिमा खोलिने छ । बोलपत्रवाला वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा कार्यालय खुलेको दिनको विहान १०:०० बजे खोलिनेछ ।

१३. शेयर बाँडफाँटमा परेको ब्यक्ती तथा संस्थाहरुले बाँकी रकम बिक्री प्रबन्धक सि.वि.आई.एल. क्यापिटल लिमिटेडले माग गरेको ७ दिन भित्रमा सि.वि.आई.एल.क्यापिटल लिमिटेडमा नबुझाएमा त्यस्तो ब्यक्ती वा संस्थालाई शेयर उपलब्ध गराउन बिक्री प्रबन्धक सि.वि.आई.एल. क्यापिटल बाध्य हुने छैन ।

१४. म्याद नाघी आएको वा रित नपुगेको आवेदन उपर कुनै कारवाही गरिने छैन ।

१५. निवेदक संगठित संघ/संस्था/कम्पनी भएमा दर्ता प्रमाण-पत्र, कर चुक्ता प्रमाण-पत्र तथा शेयर खरीद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।

१६. बोलपत्र आवेदकहरु मध्ये बोलकबोलमा नपरेको आवेदकहरुको रकम "धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४" मा व्यवस्था भए बमोजिम फिर्ता भुक्तानी गरिने छ । साथै सो रकममा कुनै किसिमको ब्याज प्रदान नगरिने व्यहोरा पनि जानकारी गराइन्छ ।

१७. बोलपत्र स्वीकृत भएको खण्डमा बोलपत्र स्वीकृतिको जानकारी सम्बन्धित बोलपत्रवालालाई लिखित रुपमा जानकारी गराईने छ ।

**बिक्री प्रबन्धकः**

CBIL Capital Ltd.
सि वि आई एल क्यापिटल लि.
*Spreading Prosperity, Enriching Lives.*

**सि वि आई एल क्यापिटल लि.**
बाटुलेघर, डिल्लीबजार, काठमाडौं, नेपाल
फोनः ४४१७७२३/४४१८६६७ फ्याक्सः ४२३९३०६
इमेलः info@cbilcapital.com, वेभसाइटः www.cbilcapital.com

**मिति २०७४ माघ १८ गतेको नागरिक दैनिकमा प्रकाशित गर्ने**